# देशको वर्तमान आर्थिक स्थिति

(आर्थिक वर्ष २०६४/६५ को पहिलो महिनाको तथ्याङ्कमा आधारित)

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

आर्थिक वर्ष २०६४/६५ को पहिलो महिनामा विस्तृत मुद्राप्रदाय ०.७ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ०.३ प्रतिशतले घटेको थियो । निजी क्षेत्र, वित्तीय संस्था तथा गैरवित्तीय सरकारी संस्थाहरुमा प्रवाहित बैंक कर्जामा विस्तार आएको फलस्वरुप विस्तृत मुद्रा प्रदाय बढेको हो । आवधिक निक्षेप पनि समीक्षा अवधिमा २.९ प्रतिशतले बढेको छ । उक्त निक्षेप अघिल्लो वर्ष १.० प्रतिशतले बढेको थियो । पूँजी बजारमा केही वित्तीय संस्थाहरुको प्राथमिक शेयर निष्काशनमा उल्लेखनीय रकम परिचालित भई बैंकिङ्ग प्रणालीमा जम्मा हुन गएको र संभौतीत बचत संकलन गर्ने संस्थाहरुको वित्तीय स्रोत परिचालन बढेकोले समीक्षा अवधिमा वाणिज्य बैंकहरुसँगको निक्षेपमा वृद्धि भएको हो ।

अघिल्लो वर्ष खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा नोक्सान समायोजित) रु २ अर्ब ८३ करोड अर्थात् २ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा रु १ अर्ब ६० करोड अर्थात १.२ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा चालू खाता घाटाको वृद्धि उच्च रहेकोले समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति घटेको हो ।

### कुल आन्तरिक कर्जा

अघिल्लो वर्ष आन्तरिक कर्जा १.६ प्रतिशतले घटेकोमा समीक्षा अवधिमा ०.५ प्रतिशतले बढेको छ । आन्तरिक कर्जाको मुख्य अंशमध्ये निजी क्षेत्रतर्फको कर्जा प्रवाह अघिल्लो वर्ष ०.२ प्रतिशतले घटेकोमा समीक्षा वर्ष १.३ प्रतिशतले बढेको छ । गैर वित्तीय सरकारी संस्थाहरूमाथिको दावी पनि समीक्षा अवधिमा २१.१ प्रतिशतले बढेको छ, जुन अघिल्लो वर्ष ११.६ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा जनकपुर चुरोट कारखाना, गोरखापत्र संस्थान, जनक शिक्षा सामग्री केन्द्र लि. र नेपाल खाद्य संस्थानले बैंकिङ्ग क्षेत्रबाट थप कर्जा उपयोग गरेकाले गैर- वित्तीय सरकारी संस्थामाथिको दावी बढेको हो । त्यस्तै, वाणिज्य बैंकहरूले वित्त कम्पनी तथा अन्य वित्तीय संस्थाहरूमा लगानी बढाएकोले वित्तीय संस्थाहरूमाथिको दावी अघिल्लो वर्ष ५.९ प्रतिशतले घटेको तुलनामा समीक्षा अवधिमा २४.४ प्रतिशतले बढेको छ ।

खुद गैर मौद्रिक दायित्व अघिल्लो वर्ष १.२ प्रतिशतले घटेकोमा समीक्षा अवधिमा २.४ प्रतिशतले घटेको छ । केही वाणिज्य बैंकहरूको कर्जा नोक्सानी तथा आयकर व्यवस्था र व्याज मुल्तवी हिसाव घटेको कारणले गर्दा उक्त दायित्व घटेको हो ।

### विदेशी मुद्रा कारोवार

आर्थिक वर्ष २०६४/६५ को पहिलो महिनामा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार हस्तक्षेपमार्फत वाणिज्य बैंकहरूबाट अमेरिकी डलर ३ करोड ४५ लाखको खुद खरीद गरी रू २ अर्ब २५ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । आर्थिक वर्ष २०६३/६४ को यसै अवधिमा अमेरिकी डलर ८ करोड ७५ लाख खुद खरीद गरी रू ६ अर्ब ५४ करोड बराबरको खुद तरलता प्रवाह गरेको थियो ।

समीक्षा अवधिमा अमेरिकी डलर ९ करोड भारतीय मुद्रा बजारमा बिक्री गरी रू ३ अर्ब ६४ करोड बराबरको भा.रू. खरीद भएको छ । आर्थिक वर्ष २०६३/६४ को यसै अवधिमा अमेरिकी डलर ५ करोड बिक्री गरी रू २ अर्ब ३३ करोड बराबरको भा.रू. खरीद भएको थियो । समीक्षा अवधिमा भारतसँगको व्यापार घाटामा वृद्धि भएकोले अमेरिकी डलर विकी मार्फत् भा.रु. खरीदको परिमाणमा वृद्धि भएको हो ।

### अन्तर बैंक कारोवार

समीक्षा अवधिमा वाणिज्य बैंकहरूले कुल रू ३५ अर्ब ४५ करोड बराबरको अन्तर बैंक कारोवार गरेका छन् । अघिल्लो वर्षको यसै अवधिमा कुल रू १३ अर्ब ३९ करोड बराबरको अन्तर बैंक कारोवार भएको थियो । समीक्षा अवधिमा वाणिज्य बैंकहरूले अन्तर बैंक कारोवार मार्फत तरलता व्यवस्थापन गरेको कारणले गर्दा स्थायी तरलता सुविधाको उपयोग भएको छैन ।

### अल्पकालीन व्याजदर

समीक्षा अवधिमा वाणिज्य बैंकहरूको तरलतामा केही कमी आएकोले गर्दा व्याजदर उच्च रहेको छ । उदाहरणको लागि समीक्षा अवधिमा ९१ दिने ट्रेजरी विल्सको भारित मासिक औसत व्याजदर ४.२५ प्रतिशत रह्यो । अघिल्लो वर्षको यसै अवधिमा ९१ दिने ट्रेजरी विल्सको भारित मासिक औसत व्याजदर २.९९ प्रतिशत रहेको थियो । त्यस्तै अघिल्लो वर्ष भारित मासिक औसत अन्तर बैंक व्याजदर २.०७ रहेकोमा समीक्षा अवधिमा ४.०९ प्रतिशत रह्यो ।

## धितोपत्र बजार

वार्षिक विन्दुगत आधारमा नेप्से सूचकाङ्क ८१.४ प्रतिशतले बढेर २०६४ साउन मसान्तमा ७०५.९६ विन्दुमा पुगेको छ । यो सूचकाङ्क २०६३ साउन मसान्तमा ३८९.२३ थियो ।

बजार पूँजीकरण वार्षिक विन्दुगत आधारमा ९८.३ प्रतिशतले वृद्धि भई २०६४ साउन मसान्तमा रु.१९३ अर्ब २१ करोड पुगेको छ। परिणामस्वरुप २०६४ साउन मसान्तमा बजार पूँजीकरणको कुल गार्हस्थ्य उत्पादनसंगको अनुपात २६.९ प्रतिशत पुगेको छ । २०६३ साउन मसान्तमा यस्तो अनुपात १५.१ प्रतिशत रहेको थियो । सूचीकृत कम्पनीहरुको वजार पूँजीकरणमा विगतमा झैं बैंक तथा वित्तीय संस्थाहरुले सबैभन्दा ठूलो हिस्सा ओगटेका छन् । जसअनुसार बजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरुको ८३.२ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको ३.२ प्रतिशत, होटलहरुको १.८ प्रतिशत, व्यापारिक संस्थाहरुको ०.४ प्रतिशत र जलविद्युत लगायत अन्यको ११.३ प्रतिशत अंश रहेको छ।

सूचीकृत कम्पनीहरुको चुक्ता पूँजीको वार्षिक वृद्धि ९.५ प्रतिशत रही २०६४ साउन मसान्तमा रु.२१ अर्ब ९२ करोड पुगेको छ। नेपाल स्टक एक्सचेन्ज लि. मा थप धितोपत्रहरु सूचीकृत भएका कारण चुक्ता पूंजीमा वृद्धि भएको हो ।

२०६४ साउन मसान्तमा नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकृत भएका कम्पनीहरुको संख्या १३६ रहेको छ । २०६३ साउन मसान्तमा यो संख्या १३५ रहेको थियो । हाल सूचीकृत कम्पनीहरुमध्ये १०१ वटा वित्तीय संस्था, २१ वटा उत्पादन र प्रशोधन गर्ने उद्योग, ४ वटा होटल, ५ वटा व्यापारिक संस्था ३ वटा जल विद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।

२०६४ साउन मसान्तमा मासिक कारोवारको वजार पूँजीकरणसँगको अनुपात ०.८९ प्रतिशत रहेको छ। यस्तो अनुपात २०६३ साउन मसान्तमा ०.३५ प्रतिशत थियो ।

शेयरबजारको उतारचढाव मापन गर्नका लागि प्रयोग गरिने १२ महिनाको २०६३ साउन मसान्तमा ३८.१ रहेकोमा २०६४ साउन मसान्तमा ९७.७ पुगेको छ।

आर्थिक वर्ष २०६४।६५ को पहिलो महिनामा नेपाल धितोपत्र वोर्डले दुईवटा बीमा कम्पनीलाई रु ५ करोडको साधारण शेयर र एक बित्त कम्पनीलाई रु.२ करोड ४० लाखको हकप्रद शेयर निष्काशनको लागि स्वीकृति प्रदान गरेको छ।

एशियाली बिकास बैंकको ऋण सहयोगमा २०६४ साउन ३० गतेदेखि नेपाल स्टक एक्सचेन्ज लिमिटेडले धितोपत्रको खुला बोलकबोल प्रथा हटाई स्वचालित कम्प्यूटरीकृत कारोवार प्रणाली शुरु गरेको छ।

## मुद्रास्फीति

### उपभोक्ता मुद्रास्फीति

आर्थिक वर्ष २०६४।६५ को पहिलो महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ६.३ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा वार्षिक उपभोक्ता मुद्रास्फीति ७.३ प्रतिशत रहेको थियो । २०६२ फागुन महिनामा पेट्रोलियम पदार्थमा भएको मूल्य वृद्धिको आधार प्रभाव तथा नेपाली रुपैंयाको अमेरिकी डलरसँगको उल्लेख्य अधिमूल्यन का कारण उपभोक्ता मुद्रास्फीति दर अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा न्यून रहेको हो ।

समूहगत रुपमा, खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्कको वृद्धिदर अघिल्लो वर्ष ६.१ प्रतिशत रहेकोमा समीक्षा अवधिमा ९.७ प्रतिशत रहेको छ । तरकारी तथा फलफूल उपसमूहको मूल्य वृद्धि २३.२ प्रतिशत, मरमसलाको १८.७ प्रतिशत, दलहनको १६.२ प्रतिशत, तेल तथा घ्यूको ११.४ प्रतिशत र दूध तथा दुग्ध पदार्थको ९.३ प्रतिशत भएकोले समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहको मूल्यमा चाप परेको हो । गैरखाद्य बस्तु तथा सेवा समूहको मूल्य वृद्धि अघिल्लो वर्ष ८.६ प्रतिशत रहेको तुलनामा समीक्षा अवधिमा उल्लेख्य सुधार आई २.८ प्रतिशत रहेको छ ।

भौगोलिक आधारमा समीक्षा गर्दा, २०६४ साउनमा तराईमा ६.८ प्रतिशत, पहाडमा ६.१ प्रतिशत र काठमाडौ उपत्यकामा ५.८ प्रतिशत मूल्य वृद्धि भएको छ । २०६३ साउनमा यस्तो वृद्धिदर क्रमशः ७.८ प्रतिशत, ६.९ प्रतिशत र ६.६ प्रतिशत रहेको थियो । तराई क्षेत्रमा डुबान र पहाडी क्षेत्रमा पहिरोका कारण आपूर्ति व्यवस्थामा केही समस्या आई समीक्षा अवधिमा काठमाडौ उपत्यकाको तुलनामा ती क्षेत्रको मूल्य सूचकाङ्क केही उच्च रहेको हो ।

२०६४ साउनमा वार्षिक विन्दुगत अन्तर्निहित मुद्रास्फीति ५.५ प्रतिशत रहेको छ । २०६३ साउनमा उक्त मुद्रास्फीति ५.२ प्रतिशत थियो ।

**थोक मुद्रास्फीति**

वार्षिक विन्दुगत राष्ट्रिय थोक मूल्य सूचकाङ्कको वृद्धिदर २०६३ साउनको ६.७ प्रतिशत वृद्धिको तुलनामा २०६४ साउनमा उल्लेख्य वृद्धि भई १२.४ प्रतिशत रहेको छ । कृषिजन्य उत्पादनको थोक मूल्यमा २०.० प्रतिशतको उच्च मूल्य वृद्धिका कारण समीक्षा अवधिमा थोक मूल्यमा चाप परेको हो । अघिल्लो वर्ष कृषिजन्य उत्पादनको थोक मूल्य वृद्धिदर ४.५ प्रतिशत रहेको थियो । बाढी-पहिरोका कारण कृषिजन्य वस्तुहरुको थोक मूल्यमा उल्लेख्य चाप परेको हो । समूहगतरुपमा कृषिजन्य उत्पादनतर्फ, तरकारी तथा फलफूलमा ४७.० प्रतिशत, नगदेबालीमा ३०.५ प्रतिशत, दलहनमा १६.१ प्रतिशत, मरमसलामा ११.८ प्रतिशत तथा खाद्यान्नमा १०.३ प्रतिशतको उच्च मूल्य वृद्धि भएको छ । यसैगरी, २०६४ साउनमा स्वदेशमा उत्पादित बस्तुको थोक मूल्य ७.७ प्रतिशतले वृद्धि भएको छ । २०६३ साउनमा यस्तो वृद्धिदर ७.२ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा निर्माण सामाग्रीमा १०.९ प्रतिशत तथा खाद्यजन्य बस्तुमा ९.८ प्रतिशतको मूल्य वृद्धि भएको छ । अर्कोतर्फ आयातीत बस्तुको थोक मूल्य भने गतवर्ष १०.० प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा ३.४ प्रतिशतले वृद्धि भएको छ । नेपाली रुपैया अमेरिकी डलरसँग उल्लेख्य रुपमा अधिमूल्यन भएको कारण आयातीत बस्तुको मूल्यमा कम चाप परेको हो ।

### राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

२०६४ साउन महिनामा वार्षिक बिन्दुगत राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क १२.४ प्रतिशतले बढेको छ । २०६३ साउनमा उक्त सूचकाङ्क ७.३ प्रतिशतले बढेको थियो । २०६४ साउनदेखि सरकारी कर्मचारी लगायत सुरक्षाकर्मी, संस्थानका कर्मचारी, शिक्षक आदिको तलबमा भएको सरदर १७ प्रतिशतको खुद वृद्धि तथा केही महिनायता औद्योगिक तथा निर्माण मजदूरहरुको ज्यालादरमा भएको वृद्धि जस्ता कारणले गर्दा अघिल्लो वर्षको तुलनामा समग्र राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क उच्च दरले बढेको छ । यस अवधिमा तलव सूचकाङ्कमा ११.५ प्रतिशतको वृद्धि देखिएको छ । अघिल्लो वर्ष यो सूचकाङ्क ६.४ प्रतिशतले बढेको थियो । यसैगरी, अघिल्लो वर्ष ७.७ प्रतिशतले बढेको ज्यालादर सूचकाङ्क समीक्षा अवधिमा १२.७ प्रतिशतले बढेको छ । औद्योगिक मजदूरको ज्यालादर २१.१ प्रतिशत, निर्माण मजदूरको ११.९ प्रतिशत र कृषि मजदूरको ७.७ प्रतिशतको उच्च वृद्धिको कारणले समीक्षा अवधिमा समग्र ज्यालादर सूचकाङ्कमा चापको स्थिति देखिएको हो ।

## सरकारी वित्त स्थिति

### सरकारी खर्च

आर्थिक वर्ष २०६४/६५ को पहिलो महिनामा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च २५.३ प्रतिशतले वृद्धि भई रु.३ अर्व ६४ करोड पुगेको छ । अघिल्लो वर्ष सरकारी खर्च १७.३ प्रतिशतले घटेको थियो । चालू खर्च र फ्रीज खर्चमा भएको वृद्धिको कारण कुल सरकारी खर्चको वृद्धि दरमा विस्तार आएको हो ।

समीक्षा अवधिमा नेपाल सरकारको चालू खर्च ६३.८ प्रतिशतले वृद्धि भई रु.१ अर्व २४ करोड पुगेको छ । अघिल्लो वर्ष चालू खर्च ३३.९ प्रतिशतले बढेको थियो । सरकारी कर्मचारीहरुको तलव वृद्धि र द्धन्द व्यवस्थापनसम्बन्धी सरकारी खर्च बढेकोले समीक्षा अवधिमा चालू खर्च वृद्धि उच्च रहेको हो ।

### सरकारी राजस्व

आर्थिक वर्ष २०६४/६५ को पहिलो महिनामा नेपाल सरकारको राजस्व परिचालन ४१.२ प्रतिशतले वृद्धि भई रु.७ अर्व १३ करोड पुगेको छ । अघिल्लो वर्ष राजस्व ११.३ प्रतिशतले बढेको थियो । मूल्य अभिवृद्धि करमा भएको वृद्धि एवं केही गैरकर राजस्व समेत बढेकोले समीक्षा अवधिमा राजस्व परिचालनको वृद्धिदर उच्च रहेको हो ।

मूल्य अभिवृद्धि कर र अन्तःशुल्क वापतको राजस्व परिचालन समीक्षा अवधिमा उच्च दरले विस्तार भएको छ । भन्सार राजस्व भने अघिल्लो वर्षको तुलनामा घटेको छ । त्यस्तैगरी आयकर राजस्वको वृद्धिदर पनि अघिल्लो वर्षको तुलनामा घटेको छ ।

### वैदेशिक नगद ऋण र अनुदान

आर्थिक वर्ष २०६४/६५ को पहिलो महिनामा नेपाल सरकारलाई वैदेशिक नगद ऋणवापत् रु १२ करोड ७७ लाख र वैदेशिक नगद अनुदानवापत् रु.३५ करोड ९३ लाख प्राप्त भएको छ । अघिल्लो वर्ष ती शीर्षकहरुमा क्रमशः रु.९ करोड ९६ लाख र रु.६० करोड ५२ लाख प्राप्त भएको थियो ।

### सरकारी बजेट घाटा/ बचत स्थिति

समीक्षा अवधिमा सरकारी बजेट रु.३ अर्व ५८ करोडले बचतमा रहेको छ । सरकारी खर्चको तुलनामा राजस्व परिचालन उच्च रहेकोले सरकारी बजेट समीक्षा अवधिमा बचतमा रहेको हो । अघिल्लो वर्ष पनि सरकारी बजेट रु ३ अर्व ७२ करोडले बचतमा थियो ।

## वैदेशिक व्यापार

### चालू खाता

आर्थिक वर्ष २०६४/६५ को पहिलो महिनामा चालू खाता घाटा अघिल्लो वर्षको यसै महिनाको तुलनामा उल्लेख्य वृद्धि भई रु १ अर्व ३९ करोड पुगेको छ । २०६३ साउनमा चालू खाता घाटा रु ४६ करोड मात्र रहेको थियो । वस्तु व्यापार घाटाका साथै सेवा खाता घाटामा समेत तीब्रता आएकोले चालू खाता घाटा समीक्षा अवधिमा बढेको हो ।

भन्सारमा आधारित तथ्याङ्कअनुसार, आर्थिक वर्ष २०६४/६५ को पहिलो महिनामा कुल निर्यात १०.० प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल निर्यात २.६ प्रतिशतले घटेको थियो । कुल निर्यातमध्ये भारततर्फको निर्यात अघिल्लो वर्ष ०.३ प्रतिशतले ह्रास भएकोमा समीक्षा अवधिमा ८.३ प्रतिशतले वृद्धि भएको छ । अन्य मुलुकतर्फको निर्यात अघिल्लो वर्ष ७.१ प्रतिशतले घटेकोमा यस वर्ष १३.३ प्रतिशतको उल्लेख्य दरले वृद्धि भएको छ ।

भारततर्फ मुख्यतया जस्ता पाता, रसायन, जुटका सामान, एम.एस. पाइप र पोलिस्टर धागोको निर्यातमा उल्लेख्य वृद्धि आएको कारण त्यसतर्फको निर्यात बढेको हो । त्यसैगरी अन्य मुलुकतर्फ प्रमुख निर्यातजन्य वस्तुहरुको वर्गमा रहेका दाल र गरगहना एवं अन्य वस्तुहरुको वर्गका वनस्पति उत्पादन, कागजका प्याकिङ्ग सामग्री र टाँकको निर्यातमा वृद्धि आएको कारण त्यसतर्फको निर्यात बढेको हो ।

अघिल्लो वर्षको पहिलो महिनामा ७.१ प्रतिशतले बढेको कुल आयात आर्थिक वर्ष २०६४/६५ को सोही अवधिमा १३.८ प्रतिशतले बढेको छ । कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्ष ११.७ प्रतिशतले बढेकोमा यस वर्ष १४.५ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्ष ०.२ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १२.६ प्रतिशतले वृद्धि भएको छ ।

- भारतबाट मुख्यतया पेट्रोलियम पदार्थ, एम.एस. विलेट, सवारी साधन तथा पाटपूर्जा, कोल्ड रोल्ड शीट इन्क्वाइल र धागो एवं अन्य मुलुकबाट विशेषगरी सुन, कच्चा भटमासको तेल, दूरसंचारका सामाग्री तथा पूर्जा, यातायातका साधन तथा पूर्जा र प्लाष्टिकका दानाको आयातमा वृद्धि आएकोले आर्थिक वर्ष २०६४/६५ को पहिलो महिनामा कुल आयात बढेको हो ।

- विप्रेषण आप्रवाह समीक्षा अवधिमा २१.४ प्रतिशतले वृद्धि भइ २०६४ साउन मसान्तमा रु ९ अर्व ३६ करोड प्राप्त भएको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २९.९ प्रतिशतले बढेको थियो ।

**शोधनान्तर**

आर्थिक वर्ष २०६४/६५ को पहिलो महिनामा समग्र शोधनान्तर स्थिति रु. १ अर्व ६० करोडले घाटामा रहेको छ । अघिल्लो आर्थिक वर्षको पहिलो महिनामा रु.२ अर्व ८३ करोडको शोधनान्तर बचत थियो । चालू खाता घाटा विस्तारका कारण शोधनान्तर घाटामा गएको हो ।

**विदेशी विनिमय सञ्चिति**

२०६४ साउन मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०६४ असार मसान्तकै हाराहारीमा अर्थात् रु. १६५ अर्व ३ करोड रहेको छ । आर्थिक वर्ष २०६३/६४ को साउन मसान्तमा यस्तो सञ्चिति २.९ प्रतिशतले वृद्धि भएको थियो । अमेरिकी डलरमा गणना गर्दा भने २०६४ असारदेखि साउन मसान्तसम्ममा कुल सञ्चिति १.६ प्रतिशतले घटी अमेरिकी डलर २ अर्व ५१ करोडमा झरेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल सञ्चिति अमेरिकी डलरमा गणना गर्दा २.६ प्रतिशतले वढेको थियो । आर्थिक वर्ष २०६४/६५ को पहिलो महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले ९.९ महिनाको वस्तु आयात र ७.८ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ ।

**अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति**

अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम को मूल्य २०६३ साउन मसान्तमा प्रति व्यारल अमेरिकी डलर ७३.७२ रहेकोमा २०६४ साउन मसान्तमा ४.४ प्रतिशतले घटी प्रति व्यारल अमेरिकी डलर ७०.५१ मा झरेको छ । त्यसैगरी सुनको मूल्य २०६३ साउन मसान्तको तुलनामा २०६४ साउन मसान्तमा ५.१ प्रतिशतले वृद्धि भई प्रति आउन्स अमेरिकी डलर ६२५.५० बाट अमेरिकी डलर ६५७.५० पुगेको छ ।

२०६३ साउन मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. ७४.३५ रहेको थियो भने २०६४ साउन मसान्तमा नेपाली रुपैयाँ १२.९ प्रतिशतले अधिमूल्यन भई अमेरिकी डलर एकको विनिमय दर रु ६५.८७ रहेको छ ।